# वनगाड कुपिण्डे नगरपालिकाले अझै बजेट ल्याएन

**सल्यान, (नेस)**

सल्यानको बनगाड कुपिण्डे नगरपालिकाले अझै चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट ल्याउन सकेको छैन। असार १० गतेभित्र बजेट ल्याईसक्नुपर्ने संवैधानिक प्रावधान भए पनि जनप्रतिनिधिबिच बजेट विनियोजनको विषयमा विवाद हुँदा बजेट आउन नसकेको हो। विवाद मिलाउन पटक-पटक बैठक बसे पनि सहमति हुन सकिरहेको छैन।

जनप्रतिनिधिबिचको विवाद र प्रमुख प्रशासकीय अधिकृत नहुँदा नीति तथा कार्यक्रम र बजेट ल्याउन समस्या भएको उपमेयर मञ्जु ऐरीले बताउनुभयो। दुई महिनादेखि प्रमुख प्रशासकीय अधिकृत नहुँदा तयारी भए पनि सम्पन्न गर्न गाह्रो भएको उहाँको भनाइ छ। गतवर्षका केही योजनामा रकम भुक्तानी नहुँदा जनप्रतिनिधिबिच विवाद भएको उपमेयर ऐरीको भनाइ छ। उहाँकाअनुसार केही कर्मचारीको नियुक्ति र तलब खुवाउने विषयमा पनि जनप्रतिनिधिबिच विवाद छ। बहुमत वडा अध्यक्षहरूले प्रत्येक वडामा ८० लाखको सिलिङ नआएसम्म नगर सभामा बस्दैनौं भन्ने आएपछि बजेट आउन ढिलाइ भएको मेयर गोविन्द पुनले बताउनुभयो। तीन दिनसम्म बैठक बस्दा पनि वडाध्यक्षहरू ८० लाख बजेटभन्दा तल बजेट विनियोजन गर्ने विषयमा सहमतिमा नआएको उहाँको भनाइ छ।

नगरपालिकाको सीमित स्रोत साधन र विगतका योजनालाई पनि निरन्तरता दिनुपर्ने भएकाले उहाँको मागअनुसार बजेट हुन नसकेको भनाइ छ। बजेट सीमा निर्धारण समितिले वडाको बजेट ५० लाख तोकी सकेको र अब कार्यपालिकाको बैठकबाट अनुमोदन गराई १० /१५दिनमै बजेट आउने मेयर पुनले बताउनुभयो।

राजनीतिक खिचातानी र दलीय स्वार्थले चालु आर्थिक वर्ष नीति तथा कार्यक्रम र बजेट आउन नसकेको कृष्ण माध्यमिक विद्यालय देवस्थलका प्रधानाध्यापक शिखर ऐरीले बताउनुभयो। समयमै बजेट नआउँदा यहाँको जनजीविका, शैक्षिक सुधार, विकास निर्माण ठप्प प्रायः भएको उहाँको भनाइ छ। यथाशक्य चाँडो नगरसभा बसेर कर्मचारीको मागसँगै दैनिक प्रशासनिक कार्य अघि बढाउन उनले आग्रह गर्नुभयो।

नेपाली कांग्रेस अधिवेशन

# ९ तहमा सम्पन्न, पहिलोपटक महिला सभापति

**नेपाल समाचारपत्र, पाल्पा**

नेपाली कांग्रेसको आसन्न १४औं महाधिवेशनअन्तर्गत पाल्पा स्थानीय तहमध्ये ९ वटामा अधिवेशन सम्पन्न भएको छ। नेपाली कांग्रेस पाल्पाका अनुसार २ वटा नगरपालिका तथा ८ वटा गाउँपालिकामध्ये ९ वटा पालिकामा पदाधिकारी चयन भएका छन्।

जिल्लाका सातवटा पालिकामा सर्वसम्मतरूपमा नेतृत्व चयन हुँदा दुई पालिकामा निर्वाचन भएको छ भने एक स्थानीय तहमा सर्वसम्मतिको नाममा १३ गते हुने गरी स्थगित भएको छ। सबैभन्दा चर्चामा रहेको तानसेनको भने निवार्चन प्रक्रिया नै स्थगित भएको निर्वाचन समितिले जनाएको छ।

नेपाली कांग्रेस माथागढी गाउँपालिकाको सभापतिमा दीपक थापा, रम्भामा ऋषिराम अर्याल, निस्दीमा पूर्ण बहादुर खाँड, पूर्वखोलामा विष्णु आचार्य, तिनाउमा प्रेम पाण्डे, वगनासकालीमा थानेश्वर तिमिल्सिना र रैनादेवी छहरा गाउँपालिकामा विष्णु पोखरेल सर्वसम्मतरूपमा चयन हुनुभएको छ। रिब्दीकोट गाउँपालिकामा मतदानको माध्यमबाट रामचन्द्र पाण्डे निर्वाचित हुनुभएको निर्वाचन समितिले जनाएको छ। यस्तै, पाल्पाको रामपुर नगरपालिकामा मतदानको माध्यमबाट नेपाली कांग्रेस सभापतिमा नेत्र प्रसाद भट्टराई निर्वाचित हुनुभएको निर्वाचन समितिले जनाएको छ।

यस्तै, सदरमुकामको तानसेन नगरपालिकामा उद्घाटन सत्रमात्र सम्पन्न गरेर बन्द सत्र शुरू नहुँदै अधिवेशन स्थगित गरिएको छ। तानसेनमा पाल्पा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष मोहन श्रेष्ठले कांग्रेस सभापतिमा उम्मेदवारी दिने घोषणा गर्नुभएको छ। नगर सभापतिमा सुवर्णमुनी शाक्यसमेत उम्मेदवार बन्ने चर्चा चलेको छ।

पाल्पाको पूर्वखोला गाउँपालिकामा पहिलोपटक नेपाली कांग्रेसले महिला सभापति पाएको छ। शनिबार भएको पालिका अधिवेशनबाट कांग्रेस नेता कार्यकर्ताले विष्णुकुमारी आचार्यललाई गाउँपालिकाको सभापतिमा निर्विरोध निर्वाचित गरेका हुन्। आचार्य १० वटा स्थानीय तहको एक मात्र महिला गाउँपालिका सभापति बन्नुभएको हो।

यसअघि पाल्पामा वडा अधिवेशनबाट पनि एक जनामात्र महिला वडा सभापति बन्नुभएको थियो। वगनासकाली गाउँपालिका-२ मा सीता गहिरे वडा सभापतिमा निर्वाचित हुनुभएको हो।

# शुक्लागण्डकी नगर उपसभापतिमा रेग्मीलाई पपुलर भोट

**तनहुँ, (नेस)**

नेपाली कांग्रेसको १४औं महाधिवेशनअन्तर्गत नगर अधिवेशन चलिरहेको छ। धेरै राजनीति हुने तनहुँमा केही स्थानमा मनोनयनका दिन नै निर्वाचन भएर नेतृत्व चयन भइसकेको छ।

शनिबार आठ पालिकामा अधिवेशन भएको थियो भने दुई पालिकामा अधिवेशन स्थगित भएको थियो। ६ वटा पालिकामा मतदान भएको थियो भने दुई पालिकामा सर्वसम्मत नेतृत्व चयन गरिएको थियो।

केन्द्रीय नेताहरूको प्रभावमा रहेको पालिका महाधिवेशनअन्तर्गत नगर अधिवेशनले प्रष्ट देखिएको छ। वरिष्ठ नेता रामचन्द्र पौडेल निकट व्यासमा उपसभापति शोभा बडु अधिकारीले पपुलर भोट पाउनुभएको छ। पदाधिकारीमा महिला अधिकारीको मात्रै उम्मेदवारी भएपछि मतदाताले उहाँलाई पपुलर भोटका साथ विजयी हुनुभएको छ। कुल ४४३ मतमध्ये खसेको ४३२ मा उहाँले ३३० मत प्राप्त गर्नुभएको थियो।

त्यस्तै कांग्रेस केन्द्रीय सदस्य प्रदीप पौडेल निकट शुक्लागण्डकी नगर उपसभापतिमा कृष्ण प्रसाद रेग्मीले पपुलर भोट पाउनुभएको छ। कुल २४४ मतमध्ये उहाँले १५४ मत प्राप्त गर्नुभएको छ। रेग्मी शुक्लागण्डकी ८ का वडाध्यक्षसमेत हुनुहुन्छ। उहाँको टिम नै विजयी भएको छ। घिरिङ गाउँ कार्य समिति सभापतिमा पनि प्रदीप निकट यमबहादुर थापा सर्वसम्मत हुनुभएको छ।

पुरानो नगर व्यासको सभापतिमा सूर्यचन्द्र हड्खले, भानुमा रामकुमार श्रेष्ठ वरिष्ठ नेता पौडेल निकटस्थ मानिनुहुन्छ। देवघाट सभापतिमा तिलबहादुर थापा, आँबुखैरेनी सभापति विष्णु पन्थ, बन्दीपुर सभापतिमा कर्ण खत्री र म्याग्दे सभापतिमा रामभक्त घिमिरे केन्द्रिय सदस्य शंकर भण्डारी निकटस्थ मानिनुहुन्छ। सर्वसम्मत गराउने प्रयास सफल नभएपछि ऋषिङ र भिमादमा भने मतदानबाट नेतृत्व चयन गर्ने प्रक्रियामा रहेको छ।

# बोर्ड बैठकमा वडाध्यक्ष र कार्यपालिका सदस्यबीच हानाहान

**बाँके, (नेस)**

नेपालगञ्ज उपमहानगरपालिकाको बोर्ड बैठक चलिरहेको थियो। 'मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम'अन्तर्गत साइकल वितरण गरिएको कुरामा छलफल हुँदै थियो। साइकल वितरण भइसके पनि वडाध्यक्षहरूले प्रक्रियाका बारेमा प्रश्न उठाइरहेका थिए।

यही बीचमा वडा नं. ५ का अध्यक्ष कैफुल बराह जोलाहले कार्यपालिका सदस्यले गरिब, विपन्न, पिछडिएका वर्गलाई बाँडेको खर्च पारदर्शी नभएको कुरा उठाए। उपमहानगरपालिकाको बोर्डले गत वर्ष समानुपातिकबाट आएका आठ जना कार्यपालिका सदस्यलाई १२ लाख रुपियाँ खर्च गर्ने अख्तियार दिएको थियो। यही खर्च अपारदर्शी भएको वडाध्यक्ष जोहालाको आरोप थियो।

५ नम्बरका अध्यक्षसँगै ७ नम्बरका वडाध्यक्ष जुम्मन खाँले पनि कार्यपालिका सदस्यले अपारदर्शी ढंगले बजेट खर्च गरेको आरोप लगाए। कार्यपालिका सदस्यहरू एकमुख हुँदै वडाध्यक्षद्वयविरुद्ध जगिए। वडाध्यक्ष भर्सेस कार्यपालिका सदस्य हुँदै गयो। विवाद चर्किँदै जाँदा गालीगलौज मात्रै होइन, बोत्तल हानाहान नै भयो। वडाध्यक्ष जोलाहा र कार्यपालिका सदस्य देउमल सुनारका बीचमा हानाहान भयो। अरू पनि आ-आफ्नो पक्षको बचाउमा लागे। कार्यपालिका सदस्यले गरिब, विपन्न, पिछडिएका समुदायलाई सिलाइ-कटाइ मेसिन, धारालगायत बाँडेका थिए। आफ्नो वडामा बाँड्दा आफूहरूसँग समन्वय नगरेको वडाध्यक्षहरूको भनाइ थियो।

त्यसको जवाफमा कार्यपालिका सदस्यहरूले वडाध्यक्षले पनि कार्यक्रम गर्दा आफूहरूसँग समन्वय नगरेको जवाफ फर्काए। दुवै पक्षका बीचमा चर्काचर्की, गालीगलौज हुँदै हात हालाहाल हुँदा छुट्याउने क्रममा एक जना वडाध्यक्ष घाइते भएका छन्। ६ नम्बर वडाका वडाध्यक्ष समीरप्रताप सिंहको आँखामा बोत्तलले लागेको छ। आँखामा गम्भीर चोट लागेका वडाध्यक्ष सिंह उपचारका लागि अस्पताल पुगेका छन्।

नेपालगञ्ज उपमहानगरपालिकाका प्रवक्ता प्रमोद रिजालले कार्यपालिका सदस्यलाई अख्तियारी दिइएको गतवर्षको बजेटको विषयलाई लिएर हात हालाहाल भएको बताउनुभयो। वडाध्यक्ष जोलाहले मेयर डा. धवलशमशेर राणालाई कार्यपालिका सदस्यले आफ्नो वडामा कार्यक्रम गर्दा समन्वय नगरेको र अपारदर्शी भएको गुनासो गरेका थिए। मेयर डा. राणाले वडाध्यक्षको प्रश्नको जवाफ दिन कार्यपालिका सदस्यहरूलाई आग्रह गरेपछि विवाद बढेको थियो।

बोर्ड बैठकमा वडाध्यक्ष र कार्यपालिका सदस्यका बीचमा कुटाकुट भएपछि नगर प्रहरी, कर्मचारी र बैठकमा सहभागी अरू वडाध्यक्षहरूले छुट्याएका थिए। 'म त बीचमा थिएँ। एक्कासि बोत्तल हानाहान भएपछि छुट्याउन लागेँ', १३ नम्बर वडाका वडाध्यक्ष वीरेन्द्रबहादुर शाहले भन्नुभयो- 'एकले अर्काको कुरा सुन्ने अवस्था नै भएन। हामी, नगरपालिकाका कर्मचारी र नगर प्रहरी आएर कुटाकुट छुट्याइयो।'

वडाध्यक्षको वडामा पावर हुन्छ। हामी कार्यपालिका सदस्य भएर पनि केही पावर भएन भनेपछि नगरपालिकाको बोर्ड बैठकले नै कार्यपालिका सदस्यलाई केही रकम खर्च गर्ने अख्तियारी दिएको थियो। १२ लाख बजेट कार्यपालिका सदस्यले आफूअनुकूल खर्च गरेका थिए। त्यही रकमका विषयमा वडाध्यक्षहरूले प्रश्न उठाएका हुन्। वडाध्यक्षहरूले आफूहरूले खर्च गरेको रकमका बारेमा प्रश्न उठाएपछि कार्यपालिका सदस्यहरूले वडाध्यक्षले खर्च गरेको रकमका बारेमा प्रश्न उठाएका थिए। बोर्ड बैठकमा एजेन्डा नै नरहेको विषयमा वडाध्यक्ष र कार्यपालिका सदस्यबीच कुटाकुट भएपछि सोमबारको बैठक लथालिंग भएको छ।

बोर्ड बैठकमा मेयर डा. राणा, उपमेयर उमा थापा मगरलगायत सबै वडाध्यक्ष र कार्यपालिका सदस्यको उपस्थिति रहेको थियो।

# माओवादीको स्थानीय तहको सम्मेलन सर्‍यो

**काठमाडौं, (नेस)**

नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रले स्थानीय पालिकाहरूको सम्मेलन सार्ने निर्णय गरेको छ। सोमबार पेरिसडाँडामा बसेको स्थायी कमिटीको बैठकले स्थानीय तहहरूको सम्मेलन सार्ने तर राष्ट्रिय र प्रदेश सम्मेलन भने नसार्ने निर्णय गरेको नेता देव गुरुङले बताउनुभयो।

दशैंअघि स्थानीय पालिकाहरूको सम्मेलन गर्न सम्भव नभएको निष्कर्ष निकाल्दै माओवादीले असोज २० र ३० गतेका लागि तय गरेको वडा र पालिकास्तरीय सम्मेलन क्रमशः कात्तिक १३ गते र मंसिर ४ गते सार्ने निर्णय गरेको छ। माओवादीले आगामी पुस ११ देखि १३ गतेसम्म गर्ने भनिएको राष्ट्रिय सम्मेलनको मिति भने यथावत् नै राखेको छ।

यसअघि, गत साउन ३० मा सम्पन्न माओवादीको केन्द्रीय कमिटी बैठकले भदौं मसान्तसम्म सदस्यता नवीकरण र नयाँ सदस्यता वितरण गर्ने कार्यतालिका बनाएको थियो। त्यसैगरी असोज १० गते देशैभर एकैदिन सेल र टोल भेला गर्ने, असोज २० गते वडा सम्मेलनहरू गर्ने र असोज ३० गते दशैंको बेला देशभरिका सबै गाउँपालिका र नगरपालिका सम्मेलन गर्ने कार्यतालिका सार्वजनिक गरेको थियो।

# खुलेन सीमा नाका

**वीरगञ्ज, (नेस)**

नेपाल भारत सीमा नाका खुला गर्ने सरकारले निर्णय गरेको आइतबार एकहप्ता बितिसकेको भए पनि अझै सीमा खोल्ने संकेत देखिएको छैन। कोरोना संकटका कारण सरकारले २०७६ साल चैत ११ गतेदेखि बन्द गरेको नेपाल भारत सीमानाकामा भारतीय यात्रुवाहक सवारी साधन आवतजावतमा रोक लगाइएको छ। सीमानाकामा यात्रुवाहक भारतीय सवारी साधन खुला गर्नुपर्ने चौतर्फी माग र दबाब परेपछि सरकारले गएको असोज ५ गते सीमा नाका खुला गर्ने निर्णय गरेको थियो। तर, अहिलेसम्म सीमा नाका भने खुला भएको छैन।

गृहमन्त्रालय मातहतका कार्यालयहरूलाई सीमामा सहजीकरणका लागि पत्राचार गरिसकेको भए पनि अर्थमन्त्रालयअन्तर्गतको भन्सार विभागले भन्सार कार्यालयहरूलाई सवारी प्रवेशको विषयमा कुनै निर्देशन नदिएकोले सीमामा भारतीय सवारी साधन आवतजावत हुन सकेको छैन। पर्साका प्रमुख जिल्ला अधिकारी पिताम्बर घिमिरेले सीमा खोल्न मन्त्रालयबाट पत्र आइसकेपछि सम्बन्धित सबै कार्यालयहरूलाई जानकारी गराई सकिएको बताउनुभयो।

तर, भन्सार विभागअन्तर्गतको भन्सार कार्यालयहरूमा पैदल यात्रीहरूलाई सहजीकरणको लागि पत्र आएको र भारतीय सवारी साधनको विषयमा अहिलेसम्म कुनै जानकारी नआएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ। सीमा नाकामा भारतीय सवारी साधनलाई दिइने अस्थायी प्रवेश पासको लागि विभागबाट निर्देशन आएपछि प्रवेश अनुमति दिइने वीरगञ्ज आईसीपी भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विश्वप्रसाद अर्यालले बताउनुभयो।

**वर्षातको समयमा सावधानी अपनाऔं**

१) वर्षातको समयमा बाढी पहिरो डुबानजस्ता प्राकृतिक प्रकोपबाट ठूलो जनधनको क्षति हुन सक्दछ ।
२) बाढी पहिरो डुबानको जोखिम हुने स्थानहरुमा बस्ती नबसालौं।
३) बर्षातको समयमा हुने बाढी पहिरोजस्ता जोखिम स्थानहरुको पहिचान गरी सुसूचित गराऔं ।
४) स्थानीयस्तरमा आपतकालिन केन्द्रहरुको स्थापना गरी उद्धार टोली र राहत सामाग्रीको जोहो गरौं ।
५) बिपद्को समयमा आपतकालिन केन्द्रमा तुरुन्त खबर गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## दुर्घटनाबाट...

यद्यपि, सो जहाजमा ठूलो समस्या नदेखिएकाले पुनः पोखरा उडान गरेको विमानस्थल स्रोतले नेपाल समाचारपत्रलाई जानकारी दिएको छ। देशको आन्तरिक उडानमा अधिकतम हिस्सा ओगटेको बुद्ध एयरका दुई विमानमा एकै दिन प्राविधिक समस्या देखिएपछि नागरिक उड्डयनका दृष्टिबाट गम्भीररूपमा हेरिएको छ।

अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ) ले सन् २०१३ को अन्त्यमा नेपाललाई नागरिक उड्डयनसम्बन्धी गम्भीर सुरक्षा चासोको सूचीमा राखेको थियो। त्यसलगतै युरोपेली संघले पनि नेपाली विमानसेवालाई कालोसूचीमा राख्यो। चार वर्षअगाडि अर्थात् सन् २०१७ को जुलाईमा आइकाओले नेपाली वायुसेवालाई गम्भीर सुरक्षा चासोको सूचीबाट हटाएको छ तर नेपालको हवाई यातायातको सुरक्षामाथि युरोपेली संघले प्रश्न यथावतै छ।

अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाली हवाई सेवाप्रति आशंका कायम रहेकै बेलामा यहाँको हवाई यातायातमा ठूलो हिस्सा ओगटेको विमान कम्पनीमा देखिएको यस प्रकारको समस्याले नेपालको हवाई उड्डयन क्षेत्रलाई नै थप नोक्सान पुर्‍याउने हुँदा हवाई सेवा प्रदायकहरू थप जिम्मेवार बन्न आवश्यक देखिएको छ।

## विमानस्थलमा...

जहाज दुर्घटना उन्मुख भएको आभास पाएपछि जहाजभित्र यात्रुको रुवाबासी भएको उनीहरूको भनाइ छ। 'शुरूमा घटनालाई सामान्यरूपमा लिएका थियौं। तर, घण्टौंसम्म जहाज आकाशमा नै रहेको र चालक दलका सदस्यहरू विशेषगरी एयर होस्टेज आतिनु र विमानस्थलमा सुरक्षाकर्मीहरू तयारी अवस्था ठूलो संख्यामा देखिएपछि जहाजमा रुवाबासी चलेको थियो'-जहाजमा सवार यात्रुहरूको प्रतिक्रिया थियो।

जहाजमा ल्यान्डिङ गेयरका लागि दुईवटा इन्डिकेटर रहेको हुन्छ। जसअनुसार प्राइमरी इन्डिकेटरमा संकेत नदेखिएको तर सेकेन्डरी इन्डिकेटरमा सबै ठिकठाक रहेको देखिए पनि सुरक्षामा शून्य सहनशीलता नीतिअनुसार क्याप्टेनले जहाज तुरुन्तै काठमाडौंमा फर्काउने निर्णय गरेको बुद्ध एयरले जनाएको छ।

बुद्ध एयरका अनुसार काठमाडौं आइसकेपछि क्याप्टेन र बुद्ध एयरको टेक्निकल टिमबीच रेडियो सम्पर्क भई ल्यान्डिङ गियर चेकजाँच गर्दा सही र झरेको जानकारी दिइएपछि जहाज सुरक्षित अवतरण गराइएको थियो। शेर्पा थरका अनुभवी पाइलटले विमानस्थलमाथि नै कयौं फन्को मारेर जहाजको इन्धन सक्काएर अवतरण गराएको स्रोतका भनाइ छ।

उता बिहान ७ बजे काठमाडौंबाट पोखराका लागि उडेको अर्को जहाज पोखरा नपुग्दै ककपिटमा धुवाँ देखिएपछि पाइलटले बीचबाटै जहाजलाई काठमाडौं फर्काएका थिए।

स्थानीयले यसका लागि चरणबद्ध कार्यक्रम पनि गर्दै आएका छन्। केही समयअघि सम्पदा अभियन्ता र नेपाली सेनाको सहयोग लिएर स्थानीयको पहलमा सो स्थानमा सरसफाइ र उत्खनन गरिएको थियो। त्यसपछि बाँकी कार्य अघि बढाउन महानगरपालिकाको वडा ३२ को कार्यालयले विभागसमक्ष सिफारिस गरेको थियो। वडाले ऐतिहासिक, पुरातात्त्विक एवं सांस्कृतिक मान्यता भएको हिटी, तथा फल्चा बेवारिस अवस्थामा रहेको उल्लेख गर्दै गत चैत्रमा विभागसमक्ष सिफारिस गरेको थियो। त्यसपछि पुरातत्त्व विभागकी अधिकृत सविता न्यौपानेसहितको टोलीले अनुगमन गरेर जीर्णोद्धारका लागि केही बजेट छुट्टयाएको थियो। तर, विमानस्थलसँग समन्वय हुन नसकेपछि त्यो काम अहिले रोकिएको बुझिएको छ।

विमानस्थलको कुनै प्रयोजनका लागि पनि उपयोग नभएकाले स्थानीयले करिब एक रोपनी १३ आनामा फैलिएको सो ठाउँमा ऐतिहासिक विषयको खोजी, उत्खनन र संरक्षण गर्दै पर्यटकीयस्थल बनाउनुपर्ने माग राखेका छन्। नेपाल नागरिक उडड्यन प्राधिकरणका अनुसार सो ठाउँ 'एयर साइड' भित्र पर्दछ। हवाईजहाज पार्किङका लागि ठूलो क्षेत्र नभएकाले जहाजहरू आकाशमै केही समय 'होल्ड' गरेर बस्नुपर्ने अवस्था बढिरहेको बताउँदै सो स्थानमा पार्किङ बनाउने गुरुयोजना रहेको प्राधिकरणले जनाएको छ।

पुरातात्विक र ऐतिहासिकरूपमा सो पाटी, ढुंगेधारा र शिलालेखहरू महत्त्वपूर्ण रहेको छन्। धार्मिक, सांस्कृतिक र इतिहासको अध्ययनको हिसाबले यस्ता महत्त्वपूर्ण स्थल संरक्षण गर्नुपर्ने सम्पदा अभियन्ता यादवलाल कायस्थको भनाइ छ। प्राधिकरणले त्यहाँको सम्पदा सार्ने विकल्प दिएको भए तापनि स्थानीय मान्न तयार छैनन्। सो स्थान विमानस्थलको रन-वे भन्दा पर रहेकोले संरक्षण गरी त्यसलाई आकर्षक स्थानको रूपमा राखिराख्न कुनै बाधा नभएको अभियन्ता कायस्थ बताउनुहुन्छ।

मेयर विद्यासुन्दर शाक्य पनि ऐतिहासिक स्थलको संरक्षण गर्न महानगरपालिका सकारात्मक रहेको बताउनुहुन्छ। मेयर शाक्यले भन्नुभयो- 'स्थानीय र सम्पदा अभियन्ताले एकपटक सो विषयमा कुरा गरेको थियो। पछि कुरो भएन। यस विषयमा गम्भीररूपमा कुराकानी हुन बाँकी नै छ। त्यहाँको अवस्था बुझेर सबैसँग समन्वय गरी महानगरपालिकाले पार्टीको संरक्षण गर्ने काम गर्नेछ।'

**Invitation for Bids**

Government of Nepal (GoN)

**Sunsari Morang Irrigation Project, Biratnagar**

Name of Work: Construction of Sloping Spurs in Saptakoshi River at Chatara (Opposite to SMIP New Intake)

**Contract Identification No: SMIP-01/NCB/078-79**

**Date of Publication: 28th September 2021 (2078-06-12)**

1. The Government of Nepal (GoN) has allocated funds towards the cost of Sunsari Morang Irrigation Project, Biratnagar and intends to apply part of the funds to cover eligible payments under the aforementioned works. Bidding is open to all eligible as per Section V of bidding document..
2. Sunsari Morang Irrigation Project, Biratnagar invites ***electronic bids*** from eligible bidders for the construction of ***Sloping Spurs in Saptakoshi River at Chatara (Opposite to SMIP New Intake)*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs 298 Millions***
   - Minimum Work experience of similar size and nature: ***One number of project with value of 158.6 Millions***
3. Eligible Bidders may obtain further information at the office of Sunsari Morang Irrigation Project, Biratnagar, Phone No: 021-471527, 471956, Email ID: smip_biratnagar@yahoo.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidders are supposed to submit their bid electronically only and may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost **(non-refundable fee of NPR 10,000)** of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Agriculture Development Bank, Biratnagar**
   Name of Office: **District Treasury Comptroller's Office, Biratnagar**
   Office Code no. : **308031303** Office Account no.: **0100201277009016**
   Rajaswa (revenue) Shirshak no. : **14229**
5. Pre-bid meeting shall be held at ***Sunsari Morang Irrigation Project, Biratnagar at 2:00 PM, 18th October 2021.***
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 Noon, 29th October 2021.*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2:00 PM, 29th October 2021*** at the office of ***Sunsari Morang Irrigation Project, Biratnagar***. Bids must be valid for a period of ***120 days*** after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of ***NRs 44,80,000.00***, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.